# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : ३४ मिति : २०७७/०९/०२

**भाग-१**
**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७७/८/२१**

**प्रमाणीकरण मिति :२०७७/९/१**

## पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७७

**१) प्रस्तावना:-** गोदावरी नगरपालिका कृषि पशु पालन क्षेत्रमा धेरै सम्भावना रहेको क्षेत्र हो । भौगोलिक वनावट दृष्टिकोणले गर्दा सबै किसिमको पशुका लागि आवश्यक आहारा प्रयाप्त मात्रामा पाइने तथा यसको खेती गर्न सकिने अन्नका उप पदार्थहरु पाइनु भएको साथै बजारको खपत र माग बढदो भएकोले सबै किसिमका पशुपालन व्यावसाय अपनाएको पाइन्छ । यद्यपि उक्त पशु पालन व्यवसायलाई व्यवसायीकरण गर्न आवश्यक छ । पशुपालन व्यवसायलाई अझ उत्पादनशिल बनाउन मृत्युदर कम गर्नका लागि पशु स्वास्थ्य सम्बन्धि कार्यक्रम पशु उपचार पशुरोग नियन्त्रणका समस्या तथा चुनौतीहरु छन् । पशु स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित सहज बनाउनका साथै पशु स्वास्थ्य कार्यक्रमलाई नियमन बनाउन पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७७ लागु गर्न आवश्यक भएकोले यो “पशु स्वास्थ्य कार्यन्वयन कार्य विधि बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा ११ को उप दफ ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

गोदावरी नगरपालिका

**२) संक्षिप्त नाम  र प्रारम्भः-**

क) यस कार्यविधिको नाम पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०७७ रहेको छ  ।

ख) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३) लक्ष्यः-**

क) रोगी पशुहरुको उपचार व्यवस्था मिलाउने ।

ख) रोग नियन्त्रण तथा रोगथाम न्यूनिकरण गर्ने ।

ग) पशुधनको सुरक्षा गरी उत्पादनमा वृद्धि गर्ने ।

घ) कार्यक्रमलाई नियमन गर्ने ।

**४) उद्देश्यः-**

क) रोग लागेका पशुहरुलाई उपचार व्यवस्था मिलाई स्वस्थ्य बनाउने ।

ख) पशुहरुमा लाग्ने संक्रामक  रोगहरुको  रोकथाम तथा नियन्त्रणका उपायहरु अपनाइ रोगको संकमणलाई न्यूनिकरण गर्ने ।

ग) उपचार व्यवस्था मिलाइ रोग नियन्त्रण तथा रोकथाम गरी पशुधन क्षति हुनबाट बचाउनका साथै पशुको उत्पादन  वृद्धि गराउने ।

घ) पशु स्वास्थ्य सम्बन्धि संचालित कार्यक्रमहरुलाई विधिवत रुपमा नियमन गराउने ।

**५) पशु स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम** :- गोदावरी नगरपालिका क्षेत्र भित्र कृषक सेवाग्राहीहरुमा यस पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

**६) परिभाषा :-** अर्को अर्थ नलागेमा पशु स्वास्थ्य सेवा सञ्चालनका लागि निम्न अनुसार परिभाषा गरिएको छ ।

**क) रोग वा रोगी पशु** :- स्वस्थ पशु भन्दा फरक नकारात्मक परिवर्तन भएको अवस्थालाई रोग भनिने छ । कुनै पनि किसिमका नकारात्मक परिवर्तन भएको पशुलाई रोगी पशु भनिनेछ ।

**ख) उपचार :-** रोगी पशुहरुलाई स्वास्थ्य अवस्थामा ल्याउन प्रविधि/औषधिको प्रयोग गरि गरिने कार्यलाई उपचार भनिनेछ ।

गोदावरी नगरपालिका

ग) **पशु :-** पशु भन्नाले कृषकले पालेका घरेलु तथा जंगली जनावरलाई पशु भनिनेछ । यसले पंक्षी तथा माछा लाई पनि सम्झिनुपर्छ । जस्तै गाई, गोरु, बाच्छा बाच्छी, भैंसी राँगा, पाडीपाडा, बाखा, बोका, पाठापाठी, भेडा, बंगूर सुगुर विर, पाठापाठी, घोडा, गधा, खच्चड, उंट, कुकुर, विरालो, छाउरा छाउडी, कुखुरा, हाँस, लौकट, टर्की, अष्टिच, वट्टाई, आदी जंगली जनावर, चित्तल, बदेल, माछा, आदि ।

घ) **कृषक/सेवाग्राही** :- उत्पादनका लागि पालिएका पशु धनीलाई कृषक तथा उक्त कृषक उपचार सेवा लिन आएका सेवाग्राही बुझ्नु पर्छ ।

ङ) **स्थलगत उपचार** :- गोदावरी नगरपालिका पशु सेवा शाखामा कार्यालय समय भित्र पशुहरुलाई उपचार सेवा प्राप्त गर्ने सेवालाई स्थलगत उपचार बुझ्नु पर्नेछ ।

च) **निःशुल्क उपचार** :- स्थलगत रुपमा लिन आएको सेवा निशुल्क हुनेछ । उपचार गर्दा लाग्ने प्रविधि/औषधीको शुल्क लाग्ने छैन तर उक्त पशु रजिष्ट्रेशन (नाम दर्ता) गोदावरी नगरपालिका पशु सेवाका "पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि" बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

छ) **स्थलगत वाहेकको उपचार सेवा** :- कार्यालय समयमा स्थलगत बाहेकको उपचार सेवा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन । तर कार्यालय समय बाहेक/कार्यालयको काममा बाधा नपर्ने गरी उपचार सेवा उपलब्ध गराउन सकिनेछ । उक्त सेवाको अतिरिक्त शुल्क लाग्नेछ ।

७) **उपलब्ध गराइने उपचार सेवा/किसिम** :- मेडिकल उपचार गाइनोको लोजिकल उपचार, माइनर सर्जिकल उपचार, भाले पशु बन्ध्याकरण सेवा आदी ।

८) **उपचारका लागि प्रयोग गरिने औषधीका प्रकार** :-

- आन्तरिक/बाध्य परजिवीका प्रयोग गरिने औषधीहरु ।
- एन्टीप्रोटोजोवला औषधीहरु ।
- ज्वरो कमगर्ने/दुखाइ कम गर्ने औषधीहरु Analgesic & Anti Pyretics drugs ।
- एन्टिहिस्टामिन ( Antihistamins)
- प्रतिजैविक औषधीहरु - Antibiotics drugs)
- घाउ खटिरामा प्रयोग गरिने औषधीहरु
- पाठेघरमा प्रयोग गरिने औषधीहरु

- ➢ पाचन प्रणाली प्रभाव पार्न प्रयोग गरिने औषधी जस्तै अपच/अरुची, कब्जियत, पेटफुलेको पाचन ग्याष्टिक, भोक बढाउने, इमेटिक, एन्टिइमेटिक, परगेटिभ, एन्टिडाइरियल, रुभेनोटिक, एण्टासिड, रुमेन एसिडिफायर, ल्यागजेटिभ आदी ।
- ➢ स्वाँस प्रस्वासमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- एक्स्पेक्टोरेन्ट, म्युक्टोलाइटिक्स, ब्रोन्कोडायलर, एन्टिहिस्टामिन, अस्थमा, कोर्टिकोस्टेराइड, रोस्पिरेटोरो, स्टिनुलेक्ट
- ➢ मुत्र प्रणाली प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- विभिन्न, डायरुटिक्स, एसिडिफाइङग साल्ट
- ➢ पाठेघरमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- हार्मोनहरु, एन्टिसेप्टिकर, औषधिहरु, प्रतिजैविक औषधीहरु)
- ➢ माँशपेशीमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- मसल रिलेग्जेण्ट, ननस्टेराइडल, एन्टिइन्फलामेटरी औषधी, कोर्टिकोस्टेराइड, एनालजेसिक आदी
- ➢ छालामा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- एन्टिपाइरेटिष्स, एन्टिफङगल, प्रतिजैविक औषधी
- ➢ आँखा, कान, नाक तथा घाँटीमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- घाउ खटिरा, सिष्ट हेमोटोमा मा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु :-एन्टिसेप्टिक, लोशन, मल्हम, जेल, पावडर तथा सहयोगी सामग्रीहरु
- ➢ हाड भाच्चिएको, मर्किएकोमा प्रभाव पार्न प्रयोग गरिने औषधीहरु :- लोकल एनोस्थेटिक्स
- ➢ प्रतिजैविक औषधीहरु :- पेनिसिलिन, एम्पिसिलिन, टेट्रासाइक्लिन, स्टेप्टोमाइसिन, जेण्टामाइसिन, एनरोफ्लोक्सासिन, लिभोफ्लोक्सासिन, क्लारमफेनिकोल, इजिथ्रोमाइसिन, केनामाइसिन, क्लोरमफेनिकोल, सल्फोनोमाइड, सल्फाडाइजिन

९) **रोग निदान (Disease Diagnosis)** :- पशुको रोग समस्या पहिचान गर्न अपनाइने क्रियाकलाप लाई रोग निदान कार्य भनिने छ । उपलब्ध स्रोत साधन प्रविधि अपनाएर रोग निदान गरिनेछ । रोग निदानका लागि निम्न प्रक्रिया अपनाइने छ । रोग निदान हुन नसकेको अवस्थामा माथिल्लो निकायका प्रयोगशालामा पठाउन सकिनेछ ।

- इतिहास विवरण आधारमा
- लक्षणको आधारमा
- भौतिक परिक्षणको आधारमा

- गोबर परिक्षण, पिशाव, दुध परिक्षण आधारमा
- कुखुराको पंक्षीको शव परिक्षण आधारमा

**१०) प्रयोगशाला सेवा संचालन कार्यक्रम** :- नगरपलिका पशु सेवा शाखाको उपलब्ध जनशक्ति, श्रोत साधनको सीमा भित्र रही रोग निदान का लागि प्रयोगशाला सेवा कार्यक्रम सञ्चालन गरिनेछ । उक्त प्रयोगशाला सेवा कार्यक्रममा निशुल्क सेवा उपलब्ध गराइनेछ तर रजिष्ट्रेशनका लागि प्रति पशु/प्रति कृषक शुल्क नगरपालिका पशु सेवा शाखाले तोके निर्धारण गरे अनुसार सेवा शुल्क लाग्नेछ ।

क) गोवर परीक्षण ( च्याप्टो जुका (नाम्ले पारमफिस्टोमम्), गोलो जुका, फित्ते जुका, आदी)

ख) पिशाव परीक्षण ( प्रोटोजोवल संक्रमण लहमुत, हेमाचुरिया)

ग) दुध परीक्षण ( थुनेलो परिक्षण)

घ) शव परीक्षण ( पंक्षीहरु कुखुरा, हाँस, बटाई आदी)

ङ) गर्भ परिक्षण सेवा :- गाई, भैसीहरुलाई गर्भ रहे नरहेको यकिन गरी, व्यवस्थापन, उपचार का लागि भर्ग परीक्षण गरिनेछ । गाई, भैसीमा पाठेघर छामेर गर्भ परीक्षण गरिनेछ ।

च) पशु बन्ध्याकरण :- भाले पशुहरु (राँगो, साँढे, बहर, कोका, थुमा, विरहरु) लाई नश्ल सुधार/व्यवस्थापन तथा मासु स्तरिय वनाउन पशु वन्ध्याकरण गरिनेछ ।

**११) पशु रोग नियन्त्रण तथा रोकथाम सेवा कार्यक्रम** :- नगर क्षेत्रभित्रका पशुहरुलाई रोगको संक्रमण हुनबाट बचाउन तथा रोग नियन्त्रण रोकथामका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**क) खोप सेवा कार्यक्रम** :- स्थानिय/प्रदेश/संघको लक्ष्य कार्यक्रम अनुसार पशुहरुमा संक्रमक रोग भ्यागुते/चरचरे/खोरेत/स्वाइनफिभर बाखा-भेडा पिपिआर रोग विरुद्ध खोप लगाई रोगको नियन्त्रण तथा रोकथामको कार्यहरु सञ्चालन गरिने छ ।

**ख) रोग सर्भिलेन्स** :- पशुको रोग नियन्त्रणका लागि स्थानिया प्रदेश/संघको कार्यक्रम लक्ष्य अनुसार रोग सर्भिलेन्सको कार्यक्रम संचालन गरिनेछ । रोग सर्भिलेन्स का लागि नमूना संकलन तथा प्रेषण/नियमित अनुगमन, रिपोर्टिङ्ग सम्बन्धि निकायमा गरिनेछ ।

**ग) जैविक सुरक्षा कार्यक्रम** (Bio security) :- रोग नियन्त्रणका लागि पशुहरुको फर्ममा जैविक सुरक्षाको अवलम्बन गर्न, सहयोग पुऱ्याउनका लागि प्रोत्साहित गर्नु पर्नेछ ।

**१२) विविध :**

क. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ ।

**ख. संसोधन :-** यस कार्यविधिमा कुनै बुदामा संसोधन गर्नु परेमा नगर कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ ।

**ग. बचाउ :-** यो कार्यविधि लागु हुनु पुर्व भए गरे गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।

**घ. बाझिएको हद सम्म अमान्य हुने :-** कुनै दफा संघिय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले

देवराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका